# नेपालको आर्थिक अवस्था

→ 3x2 = 6marks

## # नेपालको अर्थतन्त्रको स्वरूप

→ नेपालले मिश्रित अर्थ व्यवस्थालाई अबलम्बन गरेको छ।
→ पुजीवादी अर्थ व्यवस्था र समाजवादी अर्थव्यवस्थाको मिश्रित रूप
→ मिश्रित अर्थव्यवस्था प्रतिपादन - जे.एम. किन्स
→ विश्वमा बजेटको सुरुवात - बेलायत (रोवर्ट वालपोल) (सन १७३३)
→ नेपालमा बजेटको सुरुवात - वि.स. २००८ माघ २१ (प्रधानमन्त्री मातृका प्रसाद कोइराला)
→ सर्वप्रथम बजेट प्रस्तुत गर्ने अर्थमन्त्री - सुवर्ण शमशेर
→ नेपाल सरकारको अर्थमन्त्रीले हरेक बर्ष जेठ १५ मा संघिय संसदमा बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको
→ आ.व. २०८०/८१ को कुल बजेट - १७ खर्व ५१ अर्व ३२ करोड
→ आ.व. २०८०/८१ को बजेट अनुसार आर्थिक वृद्धि ६% र मुद्रास्फिति ६.५% मा सिमित रहने अनुमान
→ आर्थिक बर्ष २०८०/८१ को बजेट अनुसार आ.व. २०८०/८१ लाई 'युवा उद्यमशिलता प्रवर्द्धन' को रूपमा मनाइने
→ आन्तरिक पर्यटन प्रवर्द्धनका लागि "नेपाल घुमौं, नेपाल चिनौं" नारा तयार गरिएको
→ सन २०२३-२०३२ लाई पर्यटक दशकको रूपमा मनाइने
→ सन २०२३ मा १० लाख बाह्य पर्यटक भित्राउने लक्ष्य राखिएको

→ नेपाललाई सर्वप्रथम वैदेशिक सहयोग गर्ने राष्ट्र
- अमेरिका (सन १९५१)

→ नेपाललाई सबैभन्दा बढी बैदेशिक सहयोग गर्ने राष्ट्र
- जापान

→ नेपालमा वैदेशिक सहयोगमा सञ्चालन भएको पहिलो कार्यक्रम - त्रिभुवन ग्राम विकास कार्यक्रम

→ नेपालमा कागजी नोटको सुरुवात - वि.स. २००२ असोज १
(निष्कासन गर्ने निकाय - सदर मुलुकी खाना)

→ नेपाल राष्ट्र बैङ्कको स्थापना - वि.स २०१३ वैशाख १४

→ नेपाल राष्ट्र बैङ्कबाट सर्वप्रथम नोट निस्कासन भएको
- वि.स. २०१६ फागुण ६

→ नेपालमा पोलिमर नोटको सुरुवात - वि.स. २०५९ असोज १४

→ नेपालमा हालसम्म प्रचलनमा आएका नोटहरु - ११ वटा

→ नेपाल धितोपत्र बोर्डको स्थापना - वि.स.

→ नेपालमा धितोपत्र कारोबारको सुरुवात - वि.स. २०५०

→ <u>केही महत्वपूर्ण शब्दावलीहरु</u>

* Inflation - लगातार रूपमा मुल्य वृद्धि हुदै जाने अवस्था
* Deflation - अर्थ व्यवस्थामा आर्थिक क्रियाकलाप कम हुदै जाने अवस्था
* Bull & Bear - सेयर बजारसँग सम्बन्धित
* zero-net-aid - मुलुकको अर्थ व्यवस्था सवल भई बैदेशिक सहयोग नचाहिने अवस्था
* Soft loan - लामो समयका लागि कम ब्याजदरमा प्राप्त हुने ब्याज

→ संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम (UNDP) को प्रतिवेदन अनुसार सन २०२२ मा नेपालको मानव विकास सुचाक - ०.६०२

* नेपालको स्थान - १४३ औं
* सबैभन्दा पहिलो राष्ट्र - स्विजरल्याण्ड
* सबैभन्दा अन्तिम राष्ट्र - दक्षिणी सुडान
* SAARC राष्ट्रमा HDI मा सबैभन्दा अगाडि - श्रीलंका
* SAARC राष्ट्रमा HDI मा सबैभन्दा पछाडि - अफ्गानिस्तान

→ विश्व पर्यटन दिवस - सेप्टेम्बर २७

# योजनाबद्ध बिकास →

→ विश्वमा योजनाबद्ध विकासको सुरुवात गर्ने देश - रुस

→ रुसले सर्वप्रथम सन १९२८ मा ल्याएको योजना - पाँचवर्षीय योजना

→ नेपालमा योजनाबद्ध विकासको सुरुवात - वि.स. २०१३ (प्रधानमन्त्री टंक प्रसाद आचार्यको पालामा)

→ नेपालमा हालसम्म कार्यान्वयन भएका योजनाहरु - १५ वटा
* पञ्चबर्षीय योजना - १० वटा
* त्रिबर्षीय योजना - ५ वटा

→ plan Holiday : योजना नबनि खाली रहेको बर्ष (वि.स. २०१८, २०४७ र २०४८)

→ राष्ट्रिय योजना परिषदको स्थापना - वि.स. २०१७

→ राष्ट्रिय योजना परिषदलाई राष्ट्रिय योजना आयोग बनाइएको - वि.स. २०२५

→ राष्ट्रिय योजना आयोगको अध्यक्ष - प्रधानमन्त्री

लोकसेवा साथी

## नेपालका हालसम्मका योजनाहरु

### १ प्रथम पञ्चवर्षीय योजना,

- वि.स. २०१३ असोज १ देखि सुरुवात
- रु ३३ करोड खर्च गर्ने लक्ष्य राखिएकोमा रु २१ करोड ४४ लाख (६५%) मात्र खर्च भएको
- सबैभन्दा धेरै यातायात र सञ्चार क्षेत्रलाई प्राथमिकता दिइएको

### २ दोस्रो त्रिवर्षीय योजना

- Preparatory plan भनेर चिनिने
- ६० करोड खर्च गर्ने लक्ष्य राखेकोमा ९९% खर्च भएको
- सबैभन्दा धेरै खर्च भएको योजना
- वैदेशिक ऋण लिन सुरु गरिएको (२०१८/१९)
- देशव्यापी गणना र कृषि गणनाको सुरुवात

### ३. तेस्रो पञ्चवर्षीय योजना

- राष्ट्रिय आयलाई दोब्बर पार्ने लक्ष्य राखिएको (१५ वर्षमा)
- २५० करोड खर्च गर्ने लक्ष्य राखेकोमा ७१.२% खर्च भएको

### ४. चौथो पञ्चवर्षीय योजना

- शोषण रहित समाजको निर्माण गर्ने लक्ष्य राखिएको
- विकासक्षेत्रको अवधारणा सुरुवात
- ३५४ करोड खर्च गर्ने लक्ष्य राखेकोमा ९०% खर्च भएको

### ५. पाँचौं पञ्चवर्षीय योजना

- प्रादेशिक विकासको अवधारणा अवलम्बन
- सर्वप्रथम स्वास्थ्य सम्बन्धी नीतिको अवलम्बन
- सर्वप्रथम अधिकतम र न्यूनतम खर्चको अवधारणा लिइएको

६. छैठौं पञ्चवर्षीय योजना

→ लक्ष्य भन्दा बढी आर्थिक वृद्धि हासिल भएको
→ Eco-tourism को अवधारणा अवलम्बन [६५.०९% खर्च]
→ विकासमा महिला सहभागिताको सुरुवात
→ भू-उपयोग सम्बन्धी निति ल्याईएको
→ कृषि, सिंचाइ र वनक्षेत्रमा सबैभन्दा बढी रकम विनियोजित

७. सातौं पञ्चवर्षीय योजना [सरकारी क्षेत्र - ४१% / निजीक्षेत्र - ५९%]

→ वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) को सुरुवात
→ Environmental impact assessment (EIA)
→ कुल ५० अर्ब ४१ करोड खर्च गर्ने लक्ष्य राखेमा ३५.९% मात्र खर्च

८. आठौं पञ्चवर्षीय योजना

→ राज्यकेन्द्रित अवधारणाबाट निजी क्षेत्र केन्द्रित अवधारणाको अवलम्बन [सरकारी - ३५.९% / निजी - ६४.१%]
→ योजना निर्माणमा Buttom up approach अवधारणाको सुरुवात
→ दिगो विकासको अवधारणालाई अबलम्बन गरिएको
→

९. नवौं पञ्चवर्षीय योजना

→ २० वर्षे दिर्घकालिन अवधारणा सहित तयार पारिएको
→ सुशासनको अवधारणा अवलम्बन [सरकारी - ३३.६६% / निजी - ६४.४%]
→ गरिबी निवारण गर्ने लक्ष्य राखिएको
→ गरिबीलाई ३२% मा लक्ष्य राखेकोमा ३८% मा सिमित भएको

१०. दशौं पञ्चवर्षीय योजना

→ नवौं र दशौं योजनामा दोहोरिएको एकमात्र उद्देश्य - गरिबी निवारण
→ अपेक्षित वृद्धिदर र सामान्य वृद्धिदर गरि २ प्रकारका लक्ष्य निर्धारण गरिएको

→ अनुगमन र मुल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यक्रम सोच तालिकाको निर्माण

## ११. एघारौं त्रिबर्षीय योजना

→ देशमा विद्यमान बेरोजगारी, गरिबी, र असमानताको अन्त्य गर्दै दिगो शान्ति स्थापनामा सहयोग पुर्‍याउने लक्ष्य राखिएको

## १२. बाह्रौं त्रिबर्षीय योजना

→ रोजगार केन्द्रित समावेशी र समन्यायीक आर्थिक बृद्धि हासिल गरि गरिबी निवारणमा सहयोग पुर्‍याउने लक्ष्य

## १३. तेह्रौं त्रिबर्षीय योजना

→ वि.स. २०७९ सम्ममा नेपाललाई अति कम विकसित राष्ट्रबाट विकाशिल राष्ट्रमा स्तर उन्नती गर्ने लक्ष्य राखिएको

## १४. चौधौं त्रिबर्षीय योजना

→ नेपाललाई मध्यम आयभएको राष्ट्रमा पुर्‍याउने लक्ष्य राखिएको

## १५. पन्ध्रौं पञ्चबर्षीय योजना

→ ८ वटा दिर्घकालिन रणनिति तयार गरिएको
→ समृद्धि तर्फ – ४ र
- सुख तर्फ – ६ वटा लक्ष्य निर्धारण गरिएको

लोकसेवा साथी

→ पन्ध्रौं योजनाका परिणात्मक लक्ष्य

| क्र.स. | सुचक, लक्ष्य, गन्तव्य | आ.व २०७५/७६ को स्थिती | आ.व २०८०/८१ को लक्ष्य | आ.व २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | ६.८% | १०.३% | १०.५% |
| २. | प्रतिव्यक्ति आय | $१०४७ | $१५९५ | $१२१०० |
| ३. | औषत आयु | ६९.७ बर्ष | ७२ बर्ष | ८० बर्ष |
| ४. | निरपेक्ष गरिबी | १८.७% | ९.५% | ० |
| ५. | बहुआयमिक गरिबी | २८.६% | ११.५% | ३% |
| ६. | राष्ट्रिय परिचय पत्र प्राप्त गर्ने नागरिक | – | १००% | – |
| ७. | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | ६५.९% | ८०% | १००% |
| ८. | लैंगिक विकास सुचक | ०.८९७ | ०.९६३ | ०.९९ |
| ९. | विश्व सम्पदा सुचिमा सुचिकृत सम्पदा | १० वटा | १२ वटा | – |
| १०. | विद्युत उत्पादन | १२५० मे.वा | ५८२० मे.वा | ४०,००० मे.वा |
| ११. | मानव विकास सुचक (HDI) | ०.५७९ | ०.६२४ | ०.७६० |
| १२ | साक्षरता दर (१५ बर्ष माथिको) | ५८% | ९५% | ९९% |

लोकसेवा मार्ग

# नेपालमा विकासका पूर्वाधारहरू

## ① कृषि

→ नेपालको अर्थ व्यवस्थाको मुख्य आधार
→ कृषिलाई Ingine of Growth भनेर चिनिने
→ नेपालको कुल GDP मा कृषि क्षेत्रको योगदान
- २४.१ %
→ श्रमशक्ति सर्वेक्षण २०२१ अनुसार नेपालमा कृषिमा आवद्ध जनसङ्ख्या - ५०.४ %
→ पछिल्लो १० बर्षमा कृषि क्षेत्रमा वृद्धिदर (औषत)
- २.६ %
→ नेपालमा खेतियोग्य भूमी - १८.६८%
→ नेपालमा कुल खेतियोग्य भूमिमा सिन्चाई सुविधा उपलब्ध भूमि - ६६% (करिब)
→ कृषिमा आधारित मुलुकहरूमा निर्धारण गरिएको प्रतिव्यक्ति खेतियोग्य भूमि - ०.१६ हेक्टर
→ कृषिसँग सम्बन्धित केही मितिहरू
* नेपालमा कृषि गणनाको सुरुवात - २०१८ (१०/१० बर्ष)
* नेपालमा भूमि सुधार ऐन ल्याइएको - वि.स. २०२१
* भूमि सुधार बचत संस्थाको स्थापना - वि.स. २०२३
* नेपाल कृषि अनुसन्धान परिषद (NARC) को स्थापना - वि.स २०४८
* राष्ट्रिय कृषि व्यवसाय निति जारी - वि.स. २०६३
* नेपाल जिण बैङ्कको स्थापना - वि.स. २०६७ असोज २१ (खुमलतार, ललितपुर)
* नेपालमा कृषि बिमाको सुरुवात - वि.स. २०६९
* राष्ट्रिय भू-उपयोग निति - वि.स. २०६९
* राष्ट्रपति सर्वोत्कृष्ट कृषक पुरस्कारको स्थापना - वि.स. २०७२ (सर्वप्रथम प्राप्त गर्ने - कालु हमाल, कैलाली)

लोकसेवा साथी

→ केही बस्तुको उपनामहरु

* Red apple - गोलभेडा (Love apple)
* Yellow living gold - यार्सागुम्बा
* Green gold - चिया
* खोल्साको सुन - अलैंची
* सेतो सुन - कपास
* वाणिज्यको थैलो - जुट
* वाणिज्यको खैरो कागज - सनपात

→ विश्वको पहिलो नगदेबाली - चिया
→ नेपालमा चिया खेतिको सुरुवात - वि.स १९२० (गजराजसिंह थापाले चिनबाट लिएका)
→ नेपालको पहिलो टि स्टेट - बुधकरण टि स्टेट (वि.स.२०१६)
→ नेपालमा चिया क्षेत्र घोषणा - वि.स. २०३९ (५ जिल्ला - झापा, इलाम, पाँचथर, धनकुटा, तेह्रथुम)
→ राष्ट्रिय चिया दिवस - वैशाख १५
→ नेपालमा कफि खेतिको सुरुवात - वि.स. २०११ (गुल्मी)
→ कफि दिवस - मंसिर १ (वि.स. २०६२ बाट)
→ नेपालमा रबर खेतिको सुरुवात - वि.स. २०४८ (झापा)
→ नेपालमा ट्रापल नामक च्याउ खेतिको सुरुवात - वि.स.२०६० (रोल्पा)
→ नेपालमा रेन्वो ट्राउट माछा पालनको सुरुवात - सन १९६० , नुवाकोट
→ नेपालमा आलु दिवस मनाइने ठाउँ - हेम्जा, कास्की
→ नेपालमा एभोकाडो फलको व्यवसायिक खेति हुने जिल्ला - धनकुटा
→ 'ट-अ' को जिल्ला - इलाम
→ नेपालमा कपास खेति हुने जिल्ला - दाङ, बाँके, बर्दिया
→ एक गाउँ एक उत्पादन कार्यक्रमको सुरुवात - जापान (सन१९८०)

* अवधारणा ल्याउने व्यक्ति - मात्सुहिको हिरामात्सु
* नेपालमा सुरुवात - सन २००६ (जापानको सहयोगमा)
* दोलखा जिल्लाबाट सुरुवात भई हाल ४२ जिल्लामा लागु
* एक गाउँ एक उत्पादन कार्यक्रमको लोगो बनाउने व्यक्ति - नवज्योति सुवेदी

→ **नेपालका प्रमुख सिन्चाई आयोजनाहरू**

१. बाणगंगा सिन्चाइ आयोजना - कपिलवस्तु
२. चन्द्र नहर - सप्तरी (त्रियुगा नदीमा निर्मित)
३. मोहना सिन्चाइ आयोजना - कैलाली
४. रानी जमरा कुलेरिया - कैलाली
५. बबई सिन्चाइ आयोजना - बर्दिया
६. सिक्टा सिन्चाइ आयोजना - बाँके
७. मर्चवार सिन्चाइ आयोजना - रुपन्देही
८. बट्टार सिन्चाइ आयोजना - नुवाकोट
९. कमला सिन्चाइ आयोजना - धनुषा र सिराहा

लोकसेवा सारथी

→ सातौं कृषि गणना २०७८

* कृषि गणना भएको मिति - वि.स.२०७९ वैशाख ६ - जेठ १९
* नारा - कृषि गणनाको सार कृषि योजनाको पूर्वाधार
* नतिजा सार्वजनिक - वि.स. २०८० भाद्र २१
* कृषक परिवार - ४१३०७८९
* पुरुष कृषक - ६७.६%
* महिला कृषक - ३२.४%
* आफुले गरेको कृषि कार्यबाट बर्ष भरि खान पुग्ने कृषक
* परिवार - ४५%
* सबैभन्दा बढी कृषि योग्य भूमि उपयोग गरिएका ५ जिल्ला

१. मोरङ
२. झापा
३. सिराहा
४. सर्लाही
५. सप्तरी

* सबैभन्दा कम कृषि योग्य भूमि उपयोग गरिएका ५ जिल्ला

१. मनाङ
२. मुस्ताङ
३. डोल्पा
४. रसुवा
५. हुम्ला

* सबैभन्दा बढी कृषि भूमि उपयोग गरिएको प्रदेश - कोशी प्रदेश
* सबैभन्दा कम कृषि भूमि उपयोग गरिएको प्रदेश - कर्णाली प्रदेश
* सबैभन्दा बढी कृषक परिवार भएको प्रदेश - कोशि प्रदेश
* सबैभन्दा कम कृषक परिवार भएको प्रदेश - कर्णाली प्रदेश

लोकसेवा साथी

(९) उद्योग

> नेपालमा कुल GDP मध्य पहिल्लो ५ वर्षको उद्योग क्षेत्रको औषत योगदान - ५.६%
> आर्थिक बर्ष २०७९/८० अनुसारको सर्वेक्षणमा नेपालमा उद्योगको संङ्ख्या - ८९४७
> उद्योग परिषद्को स्थापना - वि.स. १९९२
> नेपालको पहिलो उद्योग - विराटनगर जुट मिल (१९९३)
> नेपाल बैङ्कको स्थापना - वि.स. १९९४ कार्तिक ३०
> सरकारी स्तरमा नेपाल कपडा र घरेलु प्रचार अड्डाको स्थापना - वि.स १९९६
> औधोगिक विकास निगमको स्थापना - वि.स. २०१६
> सर्वप्रथम औधोगिक निति ल्याइएको - वि.स. २०१७
> हालको औधोगिक निति - वि.स २०६७ जेठ २
> भैरहवालाई विशेष आर्थिक क्षेत्र घोषणा गरिएको - वि.स. २०६१ मंसिर २
> औधोगिक प्रवर्द्धन बोर्डको अध्यक्ष - उद्योगमन्त्री वा राज्यमन्त्री
> एकद्वार समितिको संयोजक - उद्योग विभागका महानिर्देशक
> औधोगिक निति २०६७ अनुसार उत्पादनको प्रकृति र सेवाको आधारमा उद्योगलाई ३ भागमा विभाजन गरिएको
> औधोगिक व्यवसाय ऐन २०६६ अनुसार उद्योगको वर्गिकरण

(क) लघु उद्यम → घर जग्गा बाहेक बढीमा २० लाखसम्म स्थिर पुजि भएको
(उद्यमी सहित बढिमा ९ जना कामदार भएको)

(ख) घरेलु उद्योग → परम्परागत सिप र प्रविधिमा आधारित उद्योग

(ग) साना उद्योग → रु१५ करोड सम्म स्थिर पुजि भएको

(घ) मझौला उद्योग → रु१५ करोड देखि ५० करोडसम्म स्थिर पुजी भएको

(ङ) ठुला उद्योग → रु ५० करोड भन्दा बढी स्थिर पुजी भएको

→ नेपालमा औधोगिक क्षेत्रहरू

| क्र.स | औधोगिक क्षेत्रको नाम | स्थापना | स्थान | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| १ | बालाजु औधोगिक क्षेत्र | वि.स.२०१६ | काठमाडौं | ६८० |
| २ | हेटौडा औधोगिक क्षेत्र | वि.स.२०२० | मकवानपुर | २८२९ |
| ३ | पाटन औधोगिक क्षेत्र | वि.स.२०२० | ललितपुर | २९३ |
| ४ | नेपालगञ्ज औधोगिक क्षेत्र | वि.स.२०३० | बाँके | २३२ |
| ५ | धरान औधोगिक क्षेत्र | वि.स.२०२९ | सुनसरी | २०२ |
| ६ | पोखरा औधोगिक क्षेत्र | वि.स.२०३१ | कास्की | ५०१ |
| ७ | बुटवल औधोगिक क्षेत्र | वि.स.२०३२ | रुपन्देही | ४३४ |
| ८ | भक्तपुर औधोगिक क्षेत्र | वि.स.२०३५ | भक्तपुर | ७१ |
| ९ | विरेन्द्रनगर औधोगिक क्षेत्र | वि.स.२०३८ | सुर्खेत | ९० |
| १० | धनकुटा औधोगिक क्षेत्र | वि.स.२०४१ | धनकुटा | ६३ |
| ११ | गजेन्द्रनारायणसिंह औधोगिक " | वि.स.२०४४ | सप्तरी | २९४ |

→ सर्वभन्दा ठुलो औधोगिक क्षेत्र - हेटौडा औधोगिक क्षेत्र

→ सर्वभन्दा सानो औधोगिक क्षेत्र - धनकुटा औधोगिक क्षेत्र

→ धनकुटा औधोगिक क्षेत्र हाल बन्द अवस्थामा रहेको

→ सञ्चालनमा रहेको मध्ये सर्वभन्दा सानो औधोगिक क्षेत्र - भक्तपुर औधोगिक क्षेत्र

→ सर्वभन्दा बढी मानिसलाई रोजगारी दिएको औधोगिक क्षेत्र - बालाजु औधोगिक क्षेत्र

***सुत्र : बाहेपा धनेपो बुभाविधरा** ← राजविराज (भारतको सहयोग)

१६ २० २० २९ ३० ३१ ३२ ३५ ३८ ४१ ४४

$१६ (२०)^2 २९ + ४ + ३$

> निर्माणाधीन / प्रस्तावित केही औद्योगिक क्षेत्रहरू

१. मुर्तिया - सर्लाही

२. सबैला - धनुषा

३. मधुरधाम - मकवानपुर

४. छिन्दुदार - तनहुँ

५. च्याङलीटार - गोरखा

६. मोतिपुर - रूपन्देही

७. लक्ष्मीपुर - दाङ

८. साटाखानी - सुर्खेत

९. दैजी - कञ्चनपुर

लोकसेवा साथी

③ व्यापार

→ व्यापारलाई आधुनिक विश्वको मेरुदण्ड भनेर चिनिने

→ नेपालसँग दोहोरो करमुक्ति सम्झौता भएको राष्ट्र - ११ वटा
पहिलो - भारत (सन १९८७) पुन: सम्झौता (सन २०११ Nov २७)
अन्तिम - बङ्गलादेश (सन २०१५ जनवरी २९)

→ नेपालसँग विप्पा (BIPPA) सम्झौता भएका राष्ट्र - ६वटा
१. फ्रान्स (सन १९८३ मे २)
२. जर्मनी
३. बेलायत FrJ-BM-FIn
४. मौरिसस
५. फिनल्याण्ड
६. भारत (सन २०११ अक्टोबर २१)

→ विश्व व्यापार संगठन (WTO)

* WTO को पूर्ववर्ति संस्था GATT को स्थापना - सन १९४८ जनवरी १
* GATT लाई WTO मा रुपान्तरण - सन १९९५ जनवरी १
* प्रधान कार्यालय - जेनेभा, स्विजरल्याण्ड
* जम्मा सदस्य राष्ट्र - १६४
* अन्तिम राष्ट्र - अफगानिस्तान
* विश्वको ९०% व्यापार WTO मार्फत हुने
* नेपालले WTO को सदस्यता प्राप्त गरेको - सन २००४ अप्रिल २३
* नेपाल WTO को १४७ औं राष्ट्र
* नेपालले सदस्यता लिनुपूर्व ३६२ वटा प्रश्नको जवाफ दिनु परेको
* Blue Box - कृषि क्षेत्रको योगदान (WTO अनुसार)
* Dumping - कम मुल्यमा बस्तुको बिक्रि गर्नु (WTO)

## ४) पर्यटन

- → नेपाल आउने पर्यटकले अध्यागमन विभागबाट पदयात्राको अनुमति लिनुपर्ने
- → नेपालमा सबैभन्दा बढी पर्यटकले पदयात्रा गर्ने क्षेत्र
  - अन्नपूर्ण संरक्षण क्षेत्र
- → नेपालको पहिलो गाउँ पर्यटन केन्द्र
  - सिरुबारी, स्याङ्जा
- → लमजुङको घलेगाउँलाई सार्क राष्ट्रको नमुना गाउँ घोषणा गरिएको
- → Send home a man - पर्यटन प्रवर्द्धनका लागि बाह्रो योजनाले अवलम्बन गरेको
- → भिजन - २००५ - पर्यटन क्षेत्रसँग सम्बन्धित (अवधारणा ल्याउने व्यक्ति - टाकासी मियाहारा, जापान)
- → दोलखा जिल्लामा High altitude sport training Center को स्थापना गरिएको
- → पर्यटन परिषद्को अध्यक्ष - प्रधानमन्त्री
- → विश्व पर्यटन दिवस - सेप्टेम्बर २७ (सन १९८० देखि)
- → आर्थिक सर्वेक्षण २०७९।८० अनुसार सन २०२२ मा नेपालमा सबैभन्दा बढी पर्यटक आउने ५ राष्ट्रहरू:-

१. भारत
२. अमेरिका
३. बेलायत
४. अष्ट्रेलिया
५. बङ्गलादेश

- → पर्यटकको औषत बसाई - १३.१ दिन
- → प्रति प्रर्यटक प्रतिदिन औषत खर्च - $४०.५

लोकसेवा सामग्री

→ पर्यटनसँग सम्बन्धित महत्वपुर्ण मितिहरु

* नेपालमा सर्वप्रथम पर्यटन गुरुयोजना तयार पारिएको -सन १९७२
* पर्यटन मन्त्रालयको स्थापना - वि.स २०३३
* पर्यटन प्रहरीको व्यवस्था - वि.स. २०३५
* सर्वप्रथम पर्यटन निति ल्याइएको - वि.स. २०५२
* पर्यटन बोर्डको स्थापना - वि.स. २०५५
* नेपालमा औपचारिक रुपमा Home stay को सुरुवात - वि.स. २०६६ भाद्र १
* टेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीद्वारा सर्वप्रथम सगरमाथाको सफल आरोहण -सन १९५३ मे २९ (एडमण्ड हिलारी New zealand का नागरिक हुन)
* नेपाल भ्रमण बर्ष - सन १९९८
* नेपाल गन्तव्य वर्ष -सन २००२/०३
* नेपाल पर्यटन बर्ष - सन २०११ नारा (पर्यटनका लागि सँगसँगै)
* लुम्बिनी भ्रमण बर्ष - सन २०१२

→ ग्रेट हिमालयन ट्रेल

* विश्वको सबैभन्दा लामो पदमार्ग
* लम्बाई - ४५०० कि.मि
* चिन, नेपाल, भारत, पाकिस्तान, भुटान लगायतका देशमा पर्ने
* यसको नेपालमा पर्ने भाग - १७०० कि.मि.

→ नेपालको पर्यटनमा

* High season - October
* Low season - November.
* Normal season - February
* Off season - March

## ५) यातायत

→ नेपालमा सार्वजनिक यातायतका साधनको प्रयोग - वि.स. १९६८

→ नेपालमा भाडाका सवारीबाट इजाजत दस्तुर लिन सुरु - वि.स. २०१७/०१८

→ Cats Eye - राजमार्गमा रातमा टल्कने बत्ति

### (क) सडक यातायत

#### (I) त्रिभुवन राजमार्ग (१८९ कि.मि)

→ नेपालको सबैभन्दा पुरानो राजमार्ग

→ पहिलो वाइरोड भनेर चिनिने

→ नेपालमा सर्वप्रथम कालोपत्रे भएको सडक

→ यस राजमार्गले काठमाडौं - विरगंजलाई जोडछ।

→ भारतको सहयोगमा निर्माण

#### (II) महेन्द्र राजमार्ग (१०२८.६८ कि.मि.)

→ नेपालमा निर्माण सम्पन्न भएको सबैभन्दा लामो राजमार्ग (पूर्व-पश्चिम राजमार्ग)

→ पहाडका २ र तराइका २० गरि २२ वटा जिल्लालाई छुने राजमार्ग

→ महेन्द्र राजमार्गले नछुने तराइको जिल्ला - पर्सा

→ महेन्द्र राजमार्गले छुने पहाडी जिल्ला - मकवानपुर र अर्घाखाँची

→ यस राजमार्गको सबैभन्दा बढी भाग पर्ने जिल्ला - बाँके (८३.०२ कि.मि.)

→ यस राजमार्गको सबैभन्दा कम भाग पर्ने जिल्ला - अर्घाखाँची (४.१२ कि.मि)

→ यस राजमार्गको सबैभन्दा अग्लो भाग - पुरमा, बाँके

लोकसेवा साथी

→ यस राजमार्गको सबैभन्दा होचो भाग - इटहरी, सुनसरी

→ सहयोग गर्ने राष्ट्रहरु

* मेचि - ढल्केबर → भारत
* ढल्केबर - पथलैया → रूस
* हेटौंडा - नारायणगढ → एसियाली विकास बैंक (ADB)
* नारायणगढ - बुटवल → बेलायत
* बुटवल - कोहलपुर - वनवासा → भारत

(III) सिद्धार्थ राजमार्ग (१८१ कि.मि)

→ पोखरा - सुनौली जोड्ने राजमार्ग
→ भारतको सहयोगमा निर्मित

(IV) पृथ्वी राजमार्ग (१७३ कि.मि.)

→ पोखरा - नौबिसे जोड्ने राजमार्ग
→ चीनको सहयोगमा निर्मित

(V) अरनिको राजमार्ग (११२ कि.मि)

→ काठमाडौं - कोदारी जोड्ने राजमार्ग
→ चीनको सहयोगमा निर्मित

(VI) मध्य पहाडी लोकमार्ग

→ पाँचथरको चियो भञ्ज्याङबाट बैतडीको झुलाघाटसम्म
→ सबै गरि जम्मा २६ जिल्लाई छुने
→ सबैभन्दा बढी पर्ने भाग - बाग्लुङ
→ सबैभन्दा कम भाग पर्ने - ओखलढुङ्गा

लोकसेवा साथी

(VII) बि.पि. राजमार्ग (१५८ कि.मि.)

→ धुलिखेल - सिन्धुली हुँदै बर्दिबास सम्म

→ जापानको सहयोगमा निर्माण भएको।

(VIII) काठमाडौं चक्रपथ (२७.२ कि.मि.)

→ चीनको सहयोगमा निर्मित

→ प्रस्तावित बाहिरी चक्रपथको लम्बाई - ७२ कि.मि.

(IX) काठमाडौं निजगढ फास्ट ट्र्याक - ७६ कि.मि.

(ख) नेपालमा रेल सेवा

→ सुरुवात - वि.स. १९९३ जुद्ध शमशेरको पालामा

→ जनकपुर - जयनगर रेलमार्ग - ५१ कि.मि.

→ प्रस्तावित मेची महाकाली रेलमार्ग - ९४५ कि.मि.

(ग) नेपालमा पहिलो केवलकार

→ मनकामना केवलकार

→ लम्बाई - २.८ कि.मि.

→ सञ्चालन - वि.स. २०५५ मंसिर ८ गते

→ मनकामना केवलकारले चितवन र गोरखा जिल्लालाई जोड्छ।

(घ) नेपालमा हवाइ सेवा

→ नेपालमा सर्वप्रथम हवाइ अवतरण - वि.स. २००६ वैशाख ११

→ पहिलो पटक नेपालमा विमान दुर्घटना - वि.स. २०१६ कार्तिक २० (भैरहवा)

→ नेपाल वायुसेवा निगमको स्थापना - वि.स. २०१५ असार १६

→ नेपालमा निजी क्षेत्रमा स्थापित पहिलो वायु सेवा - नेपाल एयरवेज (२०४९)

लोकसेवा साथी

→ नेपालमा अन्तर्राष्ट्रिय वायु सेवा - २९ वटा (कम्पनी)

→ नेपालमा आन्तरिक उडान भर्ने वायुसेवा - २१ वटा

→ अग्लो स्थानमा रहेको विमानस्थल - स्याङबोचे, सोलुखुम्बु

→ होचो स्थानमा रहेको विमानस्थल - विराटनगर, मोरङ

→ सबैभन्दा साँघुरो विमानस्थल - जिरी, दोलखा

→ विश्वकै सबैभन्दा खतरनाक विमानस्थल - लुक्ला विमानस्थल (अर्को नाम - तेन्जिङ हिलारी विमानस्थल, सोलुखुम्बु)

→ नेपालका केही विमानस्थलहरू

| क्र.स. | विमानस्थलको नाम | स्थान |
|---|---|---|
| १. | सुकेटार विमानस्थल | ताप्लेजुङ |
| २. | टुम्लिङटार विमानस्थल | संखुवासभा |
| ३. | कम्जाटार विमानस्थल | ओखलढुङ्गा |
| ४ | बलेवा विमानस्थल | बाग्लुङ |
| ५. | पाटन विमानस्थल | बैतडी |
| ६. | ताल्चा विमानस्थल | मुगु |
| ७. | जुफाल विमानस्थल, मसिनेचौर | डोल्पा |
| ८. | पालुङटार विमानस्थल | गोरखा |
| ९. | थामखर्क विमानस्थल | खोटाङ |
| १०. | सिमरा विमानस्थल | बारा |
| ११. | मेघौली विमानस्थल | चितवन |
| १२. | स्याङबोचे विमानस्थल | सोलुखुम्बु (३८०० मि. उचाई) |
| १३. | मनमाया राई विमानस्थल | दिक्तेल, खोटाङ |
| १४. | शितलेश्वर विमानस्थल | लमजुङ |
| १५. | फागुनन्द विमानस्थल | इलाम |
| १६. | साँफेबगर, कमलबजार विमानस्थल | अछाम |
| १७. | देवल विमानस्थल | बझाङ |
| १८. | गोकुलेश्वर विमानस्थल | दार्चुला |
| १९ | फाप्लु विमानस्थल | सल्लेरी सोलुखुम्बु |
| २० | डम्रे विमानस्थल | मनाङ |

## शिक्षा

→ नेपालको प्राचिन शिक्षा गुरुकुल शिक्षा प्रणालीमा आधारित

→ नेपालमा व्यवसायीक शिक्षाको सुरुवात - जयस्थिती मल्ल

→ नेपालमा छात्रवृत्ति दिने चलन - पृथ्वीनारायण शाह

→ नेपालमा सर्वप्रथम पाठशाला खोल्न अनुमति दिने - रणोद्दिप सिंह

→ नेपालमा महिला शिक्षाको सुरुवात - विर शमशेर

→ महिला शिक्षाको लागि प्रेरणा दिने - गंगाबाई

→ हाल नेपालको साक्षरता दर - ७६.२%

* पुरुष - ८३.६%
* महिला - ६९.४%

→ सबैभन्दा बढि साक्षरता दर भएको

* प्रदेश - बागमती प्रदेश (८२.१%)
* जिल्ला - काठमाडौं (८९.२३%)

→ सबैभन्दा कम साक्षरता दर भएको

* प्रदेश - मधेश प्रदेश (६३.५%)
* जिल्ला - रौतहट (५६.७५%)

→ शिक्षासँग सम्बन्धित केही मितिहरु

* दरबार हाइस्कुलको स्थापना - वि.स. १९१० असोज २७
* दरबार हाइस्कुलका पहिलो हेडमास्टर - मिस्टर क्यानिङ (बेलायत)
  नेपाली हेडमास्टर - रुद्रराज पाण्डे
* भोजपुरको दिङ्लामा संस्कृत पाठशालाको स्थापना - वि.स. १९३२ (बालगुरु षडानन्दद्वारा)
* काठमाडौं उपत्यका बाहिरको पहिलो अङ्ग्रेजी स्कुल - चन्द्र मिडिल स्कुल (सिराहा, वि.स. १९६२)
* नेपालको पहिलो कलेज - त्रिचन्द्र (वि.स. १९७५ भाद्र २७)

लोकसेवा साथी

* नेपालको पहिलो Technical School – वि.स १९८६ (भिमशमशेर)
* नेपालमा सर्वप्रथम SLC बोर्डको गठन – वि.स १९९० कार्तिक १६
* नेपालको पहिलो परिक्षा नियन्त्रक – नन्दराम उप्रेती
* SLC बोर्डको गठन हुँदाको हाइस्कुल – २ वटा
  (दरबार हाइस्कुल, पाटन हाइस्कुल)
* पहिलो पटक परिक्षा दिएका परिक्षार्थी – ३३ जना
  (३३ जना मध्ये १९ जना उतिर्ण)
* काठमाडौँको ढोका टोलमा कन्या पाठशालाको स्थापना – वि.स. २००४
* लक्ष्मी प्रसाद देवकोटा नेपालको शिक्षा मन्त्री भएको – वि.स. २०१४
* नेपालको पुरानो विश्वविद्यालय – त्रिभुवन विश्वविद्यालय (२०१६)
* पाठ्यक्रम विकास केन्द्रको स्थापना – वि.स. २०२८ भाद्र ५
* विद्यालयलाई शान्ति क्षेत्र घोषणा – वि.स. २०६८ जेठ ११
* नेपालमा विश्वविद्यालयको सङ्ख्या – १८ वटा
* अन्तर्राष्ट्रिय साक्षरता दिवस – September 8

लोकसेवा साथी

(६) स्वास्थ्य →

→ नेपालमा स्वास्थ्य सम्बन्धि विषयलाई पाँचौं योजनाबाट समावेश गरिएको

→ DOTS = क्षयरोग सँग सम्बन्धित

→ स्वास्थ्यसँग सम्बन्धित केही मितिहरू

* नेपाल क्षयरोग निवारण संघको स्थापना - वि.स. २०१०
* औलो उन्मुलन संघको स्थापना - वि.स. २०१५
* राष्ट्रिय क्षयरोग निवारण केन्द्र - वि.स. २०१८
* नेपालमा लागुऔषध नियन्त्रण ऐन - वि.स. २०३३
* नेपाल बिफर मुक्त देश घोषणा - वि.स. २०३४ बैशाख १
* नेपालमा पोषण कार्यक्रमको सुरुवात - वि.स. २०३६
* नेपालमा झाडापखाला नियन्त्रण कार्यक्रमको सुरुवात - वि.स. २०४०
* क्षयरोग नियन्त्रणमा DOTS को सुरुवात - वि.स. २०५४
* नेपाल कुष्ठरोग मुक्त देश घोषणा - वि.स. २०६६ माघ ५
* नेपाल बर्ड फ्लु (Bird flu) मुक्त देश घोषणा - वि.स. २०७४ जेठ २८

## (ट) सञ्चार

### (क) रेडियो नेपाल

- स्थापना - वि.स. २००७ चैत २०
- स्थापनाकालको नाम - नेपाल प्रजातन्त्र रेडियो
- पहिलो समाचार वाचक - तारिणी प्रसाद कोइराला
- हाल २१ भाषामा समाचार र २० भाषामा कार्यक्रम प्रसारण
- रेडियो नेपालको प्रसारण पहुँच जनसङ्ख्याको ९२%
- नेपालमा FM रेडियोको सुरुवात - वि.स. २०५२

### (ख) नेपाल टेलिभिजन

- स्थापना - वि.स. २०४१ माघ १७
- नियमित प्रसारण सुरुवात - वि.स. २०४२ श्रावण २९
- नेपाल टेलिभिजनको प्रसारण पहुँच जनसङ्ख्याको ५२% र देश बाहिर १४६ देशमा रहेको

### (ग) गोरखापत्र

- सुरुवात - वि.स. १९५८ वैशाख २४
- नेपालको पहिलो साप्ताहिक पत्रिका
- गोरखापत्रको पहिलो सम्पादक - नरदेव पाण्डेय
- गोरखापत्र दैनिक प्रकाशन सुरुवात - वि.स. २०१७ फागुन ७
- गोरखापत्र रंगिन रुपमा छापिन सुरु - वि.स. २०५९ असार १
- बहुभाषामा छापिन सुरुवात - वि.स २०६४ असोज १
- गोरखापत्र हाल ३८ भाषामा छापिने
- नेपाली भाषाको पहिलो पत्रिका - गोरखा भारत जीवन (१९४३)
- नेपालको पहिलो पत्रिका - सुधासागर (वि.स. १९५५)
- नेपालको पहिलो दैनिक पत्रिका - आवाज (२००७ फागुन ८)

लोकसेवा साथी

(घ) हुलाक

→ नेपालमा हुलाक सेवाको सुरुवात - वि.स. १८८५
→ नेपालमा हुलाक संग्राहलयको स्थापना - वि.स. २०२८
→ विश्वमा चिठीमा टिकट टास्ने चलन चलाउने देश
- बेलायत (पेन्नी ब्ल्याक)
→ नेपालमा सर्वप्रथम हुलाक टिकटको प्रकाशन - वि.स. १९३६
→ नेपालमा चिठीमा टिकट टास्न सुरुवात - वि.स. १९४४
→ विश्व हुलाक दिवस - OCT 9

(ङ) मोबाइल फोन

→ नेपालमा मोबाइल सेवाको सुरुवात - वि.स. २०५६ बैशाख १
→ नेपालमा Prepaid मोबाइलको सुरुवात - वि.स. २०६० भाद्र ६

(च) इन्टरनेट सेवा

→ नेपालमा इन्टरनेटको सुरुवात - सन १९९४
→ नेपालमा सर्वप्रथम इन्टरनेटको सुरुवात गर्ने कम्पनी
- मर्कन्टायल कम्पनी

→ नेपाल दुरसञ्चार संस्थानको स्थापना - वि.स. २०३२ असार १
→ नेपाल दूरसञ्चार संस्थान कम्पनीमा परिणत
- वि.स. २०६१ बैशाख १
→ नेपालका सबै गाविसमा दूरसञ्चार सेवा पुगेको घोषणा
- वि.स. २०६६ असार २९
→ निजि क्षेत्रबाट प्रकाशित पहिलो पत्रिका - जागरण
→ नेपाल फिलाटेलिक ब्युरोको स्थापना - वि.स. २०१६

लोकसेवा साथी

## ६ विद्युत

→ विद्युतमा पहुँच पुगेको जनसङ्ख्या - ९५%
→ हालसम्म कुल जडित विद्युत - २६६६ मे.वा.
→ नेपालमा उर्जा दिवस - जेठ ६

### (क) फर्पिङ जलविद्युत आयोजना

→ नेपालको पहिलो जलविद्युत आयोजना
→ स्थापना - वि.स. १९६८, चन्द्र शमशेर
→ उत्पादन क्षमता - ५०० कि.वा.
→ बेलायतको सहयोगमा निर्मित
→ यसबाट उत्पादित विद्युतलाई चन्द्रज्योति भनिन्थ्यो
→ हाल फर्पिङमा उर्जा संग्रहालय रहेको

### (ख) माथिल्लो तामाकोशि जलविद्युत आयोजना, दोलखा

→ नेपालको सबैभन्दा ठुलो जलविद्युत आयोजना
→ उत्पादन क्षमता - ४५६ मे.वा.
→ दोस्रो ठुलो - कालिगण्डकी जलविद्युत आयोजना, स्याङ्जा (१४४ मेगावाट)

### (ग) खिम्ती जलविद्युत आयोजना (दोलखा)

→ नेपालमा निजी क्षेत्रबाट स्थापित पहिलो जलविद्युत आयोजना
→ स्थापना - सन 2000
→ उत्पादन क्षमता - ६0 मेगावाट

### (घ) चिलिमे जलविद्युत आयोजना (रसुवा)

→ नेपालमा हालसम्मकै सस्तो मानिएको जलविद्युत आयोजना
→ लागत - रू २.१६ प्रति युनिट
→ उत्पादन क्षमता - २२.१ मेगावाट

लोकसेवा साथी

## → केही जलविद्युत आयोजनाको उत्पादन क्षमता

१. भोटेकोशि जलविद्युत आयोजना, सिन्धुपाल्चोक
 - ४५ मेगावाट

२. मर्स्याङ्दी जलविद्युत आयोजना, तनुहु
 - ६९ मेगावाट

३. मध्यमर्स्याङ्दी जलविद्युत आयोजना, लमजुङ
 - ७० मेगावाट

४. देविघाट जलविद्युत आयोजना, नुवाकोट
 - १४.१ मेगावाट

५. पश्चिम सेति जलविद्युत आयोजना, डोटी
 - ७५० मेगावाट (प्रस्तावित)

६. चमेलिया जलविद्युत आयोजना, धार्चुला
 - ३० मेगावाट

७. पनौती जलविद्युत केन्द्र, काभ्रे
 - २४०० किलोवाट

८. कुलेखानी जलविद्युत आयोजना, मकवानपुर
 - ६० मेगावाट

९. कालिगण्डकी 'A' जलविद्युत आयोजना, स्याङ्जा
 - १४४ मेगावाट

१०. सिंगटी जलविद्युत आयोजना, दोलखा
 - १६ मेगावाट

११. निदिम खोला जलविद्युत आयोजना, लमजुङ
 - ३ मेगावाट

१२. राहुघाट जलविद्युत आयोजना, म्याग्दी
 - ४० मेगावाट

१३. माथिल्लो त्रिशुलि ३'A' जलविद्युत आयोजना
 (रसुवा र नुवाकोट)
 - ६० मेगावाट

१४. माथिल्लो भोटेकोशि जलविद्युत आयोजना, सिन्धुपाल्चोक
 - ४५ मेगा वाट

लोकसेवा साथी

20 81

LOKSEWA SATHI